## नेपाल पुनर्बीमा कम्पनी लिमिटेडको पुनर्बीमा विज्ञको छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०७४

नेपाल पुनर्बीमा कम्पनी लिमिटेडको पुनर्बीमा विज्ञ पदमा खुला प्रतिस्पर्धाको आधारमा छनौट गरी करारमा नियुक्ति गर्न सिफारिस गर्ने प्रयोजनका लागि यो कार्यविधि बनाइएको छ ।

१. **दरखास्त आव्हान :**

नेपाल पुनर्बीमा कम्पनीमा आवश्यक पुनर्बीमा विज्ञमा करारद्वारा पुर्ति गर्नका लागि १५ दिनको म्याद दिई राष्ट्रिय स्तरको दैनिक पत्रिकामा एक पटक अनुसूची-१ बमोजिमको सूचना प्रकाशित गरिने छ ।

२. **योग्यता तथा अनुभव:**

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, अर्थशास्त्र, गणित, विज्ञान, कानुन विषय मध्ये कुनै एकमा स्नात्तकोत्तर तह उत्तिर्ण गरी कम्तीमा १० वर्ष वा उपरोक्त विषय मध्ये कुनै एकमा स्नातक तह उत्तिर्ण गरी कम्तीमा १५ वर्ष निर्जीवन बीमा क्षेत्रमा व्यवस्थापकिय तहमा कार्य अनुभव भएको ।

*(व्यवस्थापक भन्नाले कुनै संगठित संस्थाको क्रियाकलापमा निर्णय लिने व्यवस्थापक सम्झनु पर्छ र सो शब्दले अन्तिम जिम्मेवारी वा अधिकार प्रयोग गर्न पाउने गरी संगठित संस्थाको कुनै शाखा वा इकाईको प्रमुख पदमा नियुक्त भएको व्यवस्थापक वा प्रबन्धक पदनाम धारण व्यक्ति वा अधिकृत द्वितिय श्रेणी वा सो सरहको कर्मचारी समेतलाई जनाउँछ । )*

३. **दरखास्तसाथ छनौट तथा सिफारिस समितिको सचिवालयमा पेश गर्नु पर्ने कागजात तथा विवरणहरू:**

क) शैक्षिक योग्यता, अनुभव, सम्पर्क ठेगाना (इमेल, टेलिफोन, मोवाइल नम्बर, घर वा कार्यालयको ठेगाना) सहितको विस्तृत वैयक्तिक विवरण (Bio-Data) को प्रत्येक पानाको अन्त्यमा उम्मेदवारले दस्तखत गरी पेश गर्नु पर्नेछ ।

ख) नेपाली नागरिकताको प्रमाणपत्र र शैक्षिक योग्यताको प्रमाणपत्र, तालिम तथा अनुभवको प्रतिलिपिहरू स्वयंले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

ग) उम्मेदवारले तीन हजार शब्दमा नबढ्ने गरी व्यावसायिक कार्ययोजना (Business Action Plan) तयार गरी ४(चार) प्रति पेश गर्नु पर्नेछ ।

घ) प्रस्तुतीकरण तथा अन्तर्वार्तामा सहभागी हुने उम्मेदवारले आफ्नो शैक्षिक योग्यता, तालिम, अनुभव, नेपाली नागरिकताको प्रमाणपत्र एवं दरखास्तसाथ पेश गरेका अन्य कागजातहरूको सक्कल प्रति पेश गर्नु पर्नेछ ।

४. **दरखास्तसाथ निम्न लिखित व्यहोरा निवेदक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ :**

क) कुनै राजनीतिक दलको सदस्य नभएको ।

ख) नेपाल पुनर्बीमा कम्पनी लिमिटेडसँगको ठेक्कापट्टा वा कुनै चलअचल सम्पत्ति कारोबारमा आफै वा आफ्नो परिवारका कुनै सदस्यको संलग्नता नभएको वा उक्त लिमिटेडसँग निजी स्वार्थ नभएको ।

ग) आफ्नो नाममा व्यक्तिगत बेरुजू बाँकी नरहेको ।

घ) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण वा नैतिकपतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहर नभएको ।

ङ) टाट नपल्टेको वा बेइमानी वा जालसाजीको आरोपमा सजाय नपाएको एवं दामासाहीमा नपरेको ।

च) नियतवश बैंक तथा वित्तीय संस्थाको ऋण नतिरी प्रचलित कानूनबमोजिम कालो सूचीमा नपरेको ।

छ) विदेशी मुलुकको स्थायी वसोवासको अनुमति प्राप्त नगरेको ।

५. **राष्ट्रिय पुनर्बीमा विज्ञका लागि तोकिएको काम, कर्तव्य र अधिकार :**

राष्ट्रिय पुनर्बीमा विज्ञको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) निर्जीवन बीमा जस्तै मोटर बीमा तेस्रो पक्ष तथा कृषि, पशु तथा लघु बीमाको पुनर्बीमा सम्बन्धि जोखिम विश्लेषण गर्ने ।

ख) निर्जीवन बीमा पुनर्बीमाको जोखिम विश्लेषण गरी जोखिम न्यूनिकारण लागि व्यवसायिक योजना गर्ने ।

ग) निर्जीवन बीमाको पुनर्बीमा सम्बन्धि व्यवस्थापनलाई आवश्यक सल्लाह, सुझाव तथा व्यवसायिक परामर्श दिने ।

घ) कम्पनीको क्षमता अभिवृद्धि गरी सम्झौता तथा ऐच्छिक पुनर्बीमा भित्र्याई कम्पनीको व्यवसाय अगाडी बढाउने ।

ङ) कम्पनीको लागि पर्याप्त रेट्रोसेसन व्यवस्थाको लागि विवेकपुर्ण र व्यवहारिक सल्लाह सुझाव दिने ।

च) पुनर्बीमा व्यवसायिक कार्य योजना तथा वित्तिय प्रक्षेपण तयार गर्ने,

छ) नेपालबाट पुनर्बीमा शुल्क वापत विदेशिने रकममा कमि ल्याउन तथा बढी भन्दा बढी आन्तरिक पुनर्बीमा लिई कम्पनीको क्षमता अभिवृद्धि गर्ने

## ६. व्यावसायिक कार्ययोजना पेश गर्नु पर्ने :

१) उम्मेदवारले दरखास्तसाथ पेश गर्ने व्यावसायिक कार्ययोजना (Business Action Plan) राष्ट्रिय पुनर्बीमा विज्ञका लागि तोकिए बमोजिमको काम, कर्तव्य र अधिकार समेतका आधारमा निम्न बुँदाहरू समेत समावेश हुने गरी तयार पारिएको हुनु पर्नेछ ।

क) नेपाल पुनर्बीमा कम्पनी लिमिटेडको बारेमा जानकारी उल्लेख भएको विवरण (Understanding the Nepal Re)

ख) नेपालको विद्यमान मोटर बीमा तेस्रो पक्ष तथा कृषि, पशु तथा लघु बीमाको पुनर्बीमाको अवस्थाको पहिचान र विश्लेषण (Identification and Analysis of Current Status of Reinsurance of Motor Third Party Insurance, Cattle Insurance and Micro Insurance of Nepal)

ग) कम्पनीको सवल पक्ष, दुर्वल पक्ष एवं अवसर र चुनौतीहरूको विश्लेषण (SWOT Analysis)

घ) उत्पादकत्व अभिवृद्धि (Productivity Enhancement), व्यवसाय विस्तार र क्षमता अभिवृद्धि (Business Expansions and Capacity Development), संस्थागत सुधार एवं सुशासन ( Corporate Reform and Good Governance), प्रतिस्पर्धात्मकता अभिबृद्धि, संस्थाको अपेक्षित स्वरूप, श्रोत परिचालन, नेपाल सरकारद्वारा निर्दिष्ट गरिएका नीति तथा कार्यक्रमहरूको सञ्चालन समेत समावेश भएको समय-सारिणी सहितको व्यावसायिक कार्ययोजना (Business Action Plan) ।

२) तयार पारिएको व्यावसायिक कार्ययोजना तोकिएको मिति र समयमा छनौट सूची (Short List) मा परेका उम्मेदवारले प्रस्तुतीकरण समेत गर्नु पर्नेछ । प्रस्तुतीकरणका लागि आधा घण्टा (३० मिनेट) समय प्रदान गरिनेछ ।

## ७. उम्मेदवारको मूल्यांङ्कन सम्बन्धी अङ्क भार :

- उम्मेदवारको मूल्याङ्कन सम्बन्धी समग्र अङ्क भार र सो को वर्गीकरण तपसिलबमोजिम कायम हुनेछ ।

| | | |
|---|---|---|
| १) शैक्षिक योग्यता र अनुभव | – | ५० अङ्क |
| २) व्यावसायिक कार्ययोजना | – | ५० अङ्क |
| ३) प्रस्तुतीकरण | – | ३० अङ्क |
| ४) अन्तर्वार्ता | – | २० अङ्क |
| **पूर्णाङ्क** | – | **१५० अङ्क** |

- **उम्मेदवारको शैक्षिक योग्यता तथा तालिम - २५**

| **(क) शैक्षिक योग्यता - २५** | **अङ्क बाँडफाड** |
|---|---|
| **स्नातकोत्तर** | |
| प्रथम श्रेणी | २५ |
| द्वितीय श्रेणी | २३ |
| तृतीय श्रेणी | २० |
| **(ख) सम्बन्धित क्षेत्रको कार्य अनुभव - २५** | |

| (निर्जीवन बीमा क्षेत्रमा व्यवस्थापकिय अनुभव) | |
|---|---|
| १०-१५ वर्ष | २० |
| १५-२० वर्ष | २३ |
| २० वर्षभन्दा माथि | २५ |

- **व्यावसायिक कार्ययोजना मूल्याङ्कनको आधार - ५०**
  - क) स्पष्ट धारणा - ५
  - ख) सही सूचना - ५
  - ग) विश्लेषण तथा तार्किकता - १५
  - घ) सृजनशिलता - ५
  - ङ) समस्याको पहिचान र सुधारको लागि सुझाव - १५
  - च) लेखन शैली - ५
- **व्यावसायिक कार्ययोजना प्रस्तुतीकरणको मूल्याङ्कनको आधार - ३०**
  - क) स्पष्ट धारणा - ५
  - ख) आत्मविश्वास - ५
  - ग) क्रिया प्रतिक्रियामा दक्षता (अन्तरकिया) - ५
  - घ) प्रस्तुतीकरण - १०
  - ङ) समयको व्यवस्थापन - ५
- **अन्तर्वार्तामा मूल्याङ्कनको आधार - २०**
  - क) व्यक्तित्व - ३
  - ख) विषय वस्तुको ज्ञान - ७
  - ग) सृजनशील क्षमता - ५
  - घ) उठाईएका विषय सम्बोधन गर्ने क्षमता - ५

८. **छनौटका आधार एवं प्रक्रियाः**

मूल्याङ्कन अङ्क तालिका (छनौटको आधार) दफा ७ मा उल्लेख भएअनुसार हुनेछ । यसका लागि निम्नबमोजिमको प्रक्रिया अपनाइनेछ ।

१) उम्मेदवारको शैक्षिक योग्यता र पेश भएको व्यावसायिक कार्ययोजनाको परीक्षणबाट प्राप्त अंङ्को प्राथमिकताको आधारमा उम्मेदवारहरू मध्ये सम्भव भएसम्म पाँच जना उम्मेदवारलाई छनौट गरी व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण तथा अन्तर्वार्ताका लागि छनौट गरिनेछ ।

२) उपदफा (१) बमोजिम छनौट भएका उम्मेदवारहरूमध्ये शैक्षिक योग्यता, तालिम, अनुभव, व्यावसायिक कार्ययोजनाको मूल्यांकन, प्रस्तुतीकरण तथा अन्तर्वार्ता समेतको अङ्को आधारमा उच्चतम अङ्क प्राप्त गर्ने सम्भव भएसम्म तीन जनालाई राष्ट्रिय पुनर्बीमा विज्ञमा करारमा नियुक्तिका लागि कम्पनी समक्ष वर्णानुक्रमानुसार सिफारिस गरिनेछ ।

३) तीनजना भन्दा कम आवेदकको आवेदन परेको अवस्थामा पहिलो चरणमा परेका आवेदनहरूलाई यथावत राखी थप आवेदनको लागि ७ दिनको म्याद दिई पुनः दरखास्त आव्हान गरिनेछ ।

४) पुनः दरखास्त आव्हान गर्दा उम्मेदवारको आवेदन परे वा नपरे पनि छनौट सम्बन्धी प्रक्रियालाई अगाडि बढाउन सकिनेछ ।

९. **व्यावसायिक कार्ययोजना (Business Action Plan) प्रस्तुतीकरण एवं अन्तर्वार्ता परीक्षणसम्बन्धी अन्य व्यवस्था :**

१) व्यावसायिक कार्ययोजनाको परीक्षण छनौट तथा सिफारिस समितिले गर्नेछ । समितिले आवश्यकतानुसार विज्ञहरूलाई आमन्त्रित गरी सहयोग लिन सक्नेछ ।

२) उपदफा (१) बमोजिम प्राप्त अङ्को आधारमा औषत अङ्क निर्धारण गरी व्यावसायिक कार्ययोजना वापतको प्राप्ताङ्क गणना गरिनेछ ।